# सिम्ता राजपत्र

# सिम्ता गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ६ संख्या: ३/९ मिति: २०७९।१०।०६

भाग: २

**सिम्ता गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## सडक सम्भार कार्यकर्ताको नियुक्ति,सेवा सुविधा तथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिम्ता गाउँपालिकाले स्थानीय सडक सम्भार कार्यकर्ताको नियुक्ति,सेवा सुविधा तथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७९ जारी गरेको छ।

## सिम्ता गाँउपालिका

## सडक सभ्भार कार्यकर्ताको नियुक्ति, सेवा सुविधा तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/१०/०६

प्रमाणिकरण मितिः २०७९/१०/०६

**प्रस्तावना :**

गाँउपालिका क्षेत्रमा सडकहरुको ट्र्याक खन्ने कार्य निरन्तर चलिरहेको र बनिसकेको सडकमा यातायात सूचारु गर्नको लागि तथा सुरक्षित र भरपर्दो यात्राको लागि सडक मर्मत गर्नु पर्ने जरुरी हुन्छ। सवारी संचालन लागतमा प्रभावकारी रुपमा कमी ल्याउन, सडकको स्तर-ह्रासको गतिलाई न्यूनीकरण गरी सडकको आयु लम्ब्याउन र सुरक्षित तथा भरपर्दो यातायात सेवाको सुविधा उपलब्ध गराउन उपयुक्त मर्मत-संभारको व्यवस्था गर्नुपर्ने हुन्छ । सडक संरचनाहरुको नियमित, प्रभावकारी र दिगो संचालन एंब उपयोगका लागि सडक सभ्भार कार्यकर्तालाई नियमित रुपमा काममा लगाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिम्ता गाँउ कार्यपालिकाले यो निर्देशिका बनाएको छ।

### परिच्छेद - १ (एक)

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो निर्देशिकाको नाम "सडक सभ्भार कार्यकर्ताको नियुक्ति, सेवा सुविधा तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७९" रहनेछ।

ख) यो निर्देशिका कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषा :**

क) "निर्देशिका" भन्नाले मर्मत सम्भार कोष सञ्चालन निर्देशिका, २०७९ लाई बुझाँउनेछ।

ख) "गाउँपालिका" भन्नाले सिम्ता गाउँपालिका बुझाँउनेछ।

ग) "सडक सम्भार कार्यकर्ता " भन्नाले गाँउपालिकाको अधिकार क्षेत्र भित्रका सडक मर्मत सम्भार कार्यमा संलग्न व्यक्तिलाई बुझाँउनेछ।

घ) "कार्यदिन" भन्नाले गाँउपालिकाको अधिकार क्षेत्र भित्रका सडकमा सडक सम्भार कार्यकर्ताले काम गर्नु पर्ने तोकिएको दिनलाई बुझाँउनेछ।

ङ) "पारिश्रमिक" भन्नाले तोकिएको कार्यदिनमा काम गरे बापत गाँउपालिकाबाट प्राप्त हुने ज्याला सुबिधालाई बुझिनेछ।

**३. निर्देशिकाको उद्देश्य : यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ :—**

i. सडक सेवालाई सुचारु राख्ने
ii. सवारी संचालन खर्च र यात्रा समय घटाउने
iii. दुर्घटनाको सम्भावना घटाउने

iv. बढी खर्चिलो र जटिल मर्मत कार्यको आवश्यकता कम गर्ने
v. सडकको दीर्घकालीन प्रयोग सुनिश्चित गर्न र सडक सम्पत्तिको संरक्षण गर्ने
vi. सडक सम्भार कार्यका लागि उपयुक्त व्यक्तिको छनौट र परिचालन गर्ने ।

## परिच्छेद- २ (दुई)
## गाँउ सडक मर्मत सम्भार कोषको स्थापना र व्यवस्थापन

### ४. गाउँ सडक - वर्गीकरण

सडकलाई निम्न अनुसार वर्गीकरण गरिएको छ ।
सेवा सुविधाको आधारमा
क) सर्वयाम (बाह्र महिने) सडक (All Weather Road) - वर्षभरि संचालन हुन सक्ने सडक
ख) सुख्खायाम सडक (Fair Weather Road) - सुख्खायाममा मात्र संचालन हुन सक्ने सडक

सडक सतहको आधारमा
क) माटे वा धूले सडक (Earthen Road)
ख) खण्डास्मित सडक (Graveled Road)
ग) कालोपत्रे सडक (Black Topped Road)

सडकको महत्वको आधारमा
क) ‘‘क"श्रेणी -नगरपालिका जोड्ने सडक)
ख) वडा सडक ‘‘ख" श्रेणी -वडा स्तरीय सडक)

मर्मत-संभारको योग्यताको आधारमा:
क) मर्मत-संभार योग्य सडक (Maintainable Road)
ख) मर्मत-संभार अयोग्य सडक (Non-maintainable Road)

### ५. मर्मत-संभारका प्रकार

५.१ विद्यमान हावापानी, सवारी-साधनको प्रकार, सवारीको भार तथा चाप, इञ्जिनियरिङ्ग डिजाईन, सडक निर्माणको गुणस्तर र सडक सतहको प्रकार (माटे, खण्डास्मित, कालो पत्रे) आदिले सडक मर्मत-संभार कार्य गर्ने उपयुक्त समय, मर्मत - सम्भारको प्रकार तथा आवश्यक बजेट निर्धारण गर्दछन् । ग्रामीण सडकमा निम्न पाँच प्रकारका मर्मत-संभार कार्यहरु गरिन्छनः

i. नियमित मर्मत-संभार (Routine Maintenance)
ii. पटके मर्मत-संभार (Recurrent Maintenance)
iii. आवधिक मर्मत-संभार (Periodic Maintenance)
iv. रोकथाममूलक मर्मत-संभार (Preventive Maintenance)

v. आकस्मिक मर्मत-संभार (Emergency Maintenance)

५.२ नियमित मर्मत-संभार अन्तर्गत सबै सडकमा बाह्रै महिना गर्नुपर्ने सानातिना मर्मतका कार्यहरु पर्दछन् । नियमित रुपमा गरिनुपर्ने साधारण प्रकृतिका मर्मत-संभार कार्यहरु विशेषगरी पूर्व अनुमान तथा लेखाजोखा नगरी गर्नु पर्ने र निश्चित प्रकृतिका हुन्छन् । सडकलाई उपयुक्त स्वरुपमा राख्न र स्तर ह्रास हुनबाट बचाई राख्न गरिने नियमित कार्यहरु यस भित्र पर्दछन् । साधारणतया यसमा दक्ष जनशक्तिको आवश्यकता पर्दैन । निश्चित खर्च (Fixed Cost) लाग्ने यो कार्य साधारणतया उपभोक्ता समितिहरु मार्फत सडक संभारकर्ता (Length Person) हरुबाट गराउनुपर्दछ ।

**६. गाउँ सडक मर्मत-संभार कोषको स्थापनाः**

गाँउपालिकामा एक मर्मत सम्भार कोष रहनेछ । मर्मत-संभार कोषले गाँउपालिकाका सबै किसिमका पूर्वाधार संरचनाहरु (जस्तै खानेपानी, सिंचाई, सामुदायिक भवन, सडक, गोरेटो, झोलुङ्गे पुल, साना जलविद्युत आदि समेत) लाई समेटने हुँदा गाउँ सडकहरुको मर्मत-संभार कार्यको लागि सिम्ता मर्मत-संभार कोष सञ्चालन कार्यविधि, २०७९ को अधिनमा रही सडकहरुको मर्मत-संभार गरिनेछ ।

**७. मर्मत-संभार कोषको श्रोतः**

७.१ स्थानीय सरकार संचालन ऐन, २०७४ तथा सिम्ता गाँउपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७९ बमोजिम गाँउपालिकामा मर्मत-संभार कोषको व्यवस्था गरिएको छ । जसमा तपसिल अनुसारको रकम कोषमा जम्मा गर्न सकिनेछः

i. संघीय सरकार, प्रदेश सरकार वा अन्य निकायहरुले उपलब्ध गराएको मर्मत-संभार वापतको एकमुष्ठ रकम, र
ii. गाँउ सभाबाट विनियोजित भएको रकम ।
iii. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम ।
iv. अन्य निकायको सहयोगमा कार्यान्वयन हुने योजनाको हकमा ती निकायले संचालन एवं मर्मत-संभारका लागि उपलब्ध गराएको रकम,
v. गाँउपालिका क्षेत्रभित्र सञ्चालन हुने पूर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमको २% ले हुन आउने रकम ।
vi. कोषमा जम्मा भएको रकमको उत्पादनमूलक परिचालनद्वारा आर्जित रकम ।
vii. ऋणबाट प्राप्त हुने रकम ।
viii. अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम ।

७.२ मर्मत-संभार कोषमा यसरी जम्मा भएको रकम गाँउपालिकाले संघीय सरकार, प्रदेश सरकार, सडक बोर्ड नेपाल तथा दातृ निकायहरुबाट संचालित सडक योजनाहरुको मर्मत-संभारको लागि गाँउपालिकाबाट ब्यहोर्नु पर्ने परिपूरक वा समपुरक अंशको रुपमा समेत उपयोग गर्न सक्नेछ ।

## परिच्छेद- ३ (तिन)

## सडक सम्भार कार्यकर्ता तथा सडक सुपरभाईजरको छनौट, नियुक्ति र परिचालन

**८. सडक सम्भार कार्यकर्ता तथा सडक सुपरभाईजरको छनौटः**

गाँउपालिकाको अधिकार क्षेत्र भित्र पर्ने सडकका लागि प्रत्येक ३ कि मि का लागि १ एक जना सडक सम्भार कार्यकर्ता तथा प्रत्येक वडाको लागि १ जना सडक सुपरभाईजरको छनौट गर्न सकिनेछ।

**९. सडक सम्भार कार्यकर्ता तथा सडक सुपरभाईजरको छनौटका आधारहरुः**

९.१ सडक सम्भार कार्यकर्ताको छनौटका आधारहरु देहाय बमोजिम हुनेछः

i. नेपाली नागरिक
ii. सिम्ता गाँउपालिकाको सम्बन्धित वडाको स्थायी बासिन्दा
iii. १८ वर्ष पुरा भई ५५ वर्ष ननाघेको
iv. राज्यबाट अन्य कुनै किसिमको सेवा सुविधा प्राप्त नगरेको
v. सबै किसिमका सरकारलाई तिर्नु पर्ने कर तथा अन्य दायित्व तिरेको

९.२ सडक सुपरभाईजरको छनौटका आधारहरु देहाय बमोजिम हुनेछः

i. नेपाली नागरिक
ii. एस इ इ पास गरेको
iii. सिम्ता गाँउपालिकाको सम्बन्धित वडाको स्थायी बासिन्दा
iv. १८ वर्ष पुरा भई ५५ वर्ष ननाघेको
v. राज्यबाट अन्य कुनै किसिमको सेवा सुविधा प्राप्त नगरेको
vi. सबै किसिमका सरकारलाई तिर्नु पर्ने कर तथा अन्य दायित्व तिरेको

९.२ छनौट गर्दा विपन्न तथा अति विपन्न समुदायका महिला, दलित, पिछडिएको वर्ग, आदिवासी तथा जनजातिलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

**१०. सडक सम्भार कार्यकर्ता तथा सडक सुपरभाईजरको नियुक्तिः**

गाँउपालिकाले आवश्यकताका आधारमा बुँदा नं ९ मा उल्लेखित प्राथमिकता भित्र पर्ने व्यक्तिलाई ज्यालादारीमा नियुक्ति दिई काममा लगाउन सक्नेछ। तर सवारी साधन सञ्चालन नहुने सडकमा नियुक्ति गर्न पाइनेछैन।

**११. सडक सम्भार कार्यकर्ताको परिचालनः**

सडक सम्भार कार्यकर्ताको परिचालन सम्बन्धित वडाको सडक सुपरभाईजरको रेखदेख, प्राविधिक कर्मचारीको प्रमाणीकरण र वडा कार्यालयको सिफारिसका आधारमा हुनेछ।

**१२. कार्यदिनः** सडक सम्भार कार्यकर्ता तथा सडक सुपरभाईजरले हप्तामा ३ तिन दिनका दरले महिनामा १३ दिन सेवा दिनु पर्नेछ।

**१३. पारिश्रमिक सम्बन्धी व्यवस्थाः**

काम गरेको प्रत्येक दिनको तोकिएका दरले पारिश्रमिक पाइनेछ। यसमा सामाजिक सुरक्षा कर लाग्नेछ।

**१४. भुक्तानी प्रक्रियाः**

प्रत्येक महिना सम्बन्धित सडकमा काम गरेको सम्बन्धित प्राविधिक कर्मचारीबाट प्राप्त सुपेरिवेक्षण प्रतिवेदन र वडा कार्यालयको सिफारिसमा सडक सम्भार कार्यकर्ता तथा सडक सुपरभाईजरको बैंक खातामा ज्याला रकम जम्मा गरिनेछ। प्रत्येक ३ महिनामा कामको मूल्यांकन हेरी नवीकरण कार्यलाई अगाडि बढाइनेछ।

१५ सडक सम्भार कार्यकर्ताको काम, कर्तव्य र अधिकारः

१५.१ सडक सम्भार कार्यकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

i. नियमित रुपमा तोकिएको दिनमा जिम्मेवारी तोकिएको सडकमा काम गर्ने
ii. गरेको कामको नियमित रुपमा सुपरीवेक्षण गराउने
iii. गरेको कामको नियमित रुममा अभिलेख राख्ने र प्रतिवेदन गर्ने
iv. विपद् बाढी पहिरोमा तदारुकताका साथ सम्बन्धित क्षेत्रमा खटिने
v. सडक सम्भार कार्यमा काबु बाहिरको परिस्थिति उत्पन्न भएमा माथिल्लो तहलाई जानकारी गराउने
vi. गाउँपालिका उपभोक्ता वा अन्य कुनै निकायवाट आयोजनाको मर्मत सम्भार सम्वन्धी कुनै तालिम वा कार्यक्रममा सहभागी हुनको लागि छनौट गरेमा उक्त तालिम वा कार्यक्रममा सहभागी हुने
vii. प्राविधिक कर्मचारी वडा कार्यालय र गाँउपालिकाको नियमित सम्मर्कमा रहने
viii. गाँउपालिका वा व्यवस्थापन समितिले दिएको सल्लाह सुझाब बमोजिम कार्य गर्ने।

१५.२ सडक सम्भार कार्यकर्ताले गरेको कामको नियमित प्रतिवेदनका आधारमा मासिक रुपमा पारिश्रमिक पाउने अधिकार हुनेछ।

**१६. औजार तथा पोशाक उपलब्ध गराउनेः** सडक सम्भार कार्यकर्तालाई आवश्यक पर्ने औजार तथा पहिचान पोशाक औचित्यका आधारमा गाँउपालिकाले उपलब्ध गराउनेछ।

## परिच्छेद- ४ (चार)
## सडक सम्भार व्यवस्थापन, अनुगमन तथा सुपरीवेक्षण

**१७. गाउँ सडक मर्मत-संभार व्यवस्थापन समितिः**

गाउँ स्तरमा सडक मर्मत-संभार कार्यको व्यवस्थापनका लागि गाउँपालिकाले देहाय अनुसारको गाउँसडक मर्मत-संभार व्यवस्थापन समितिको गठन गर्नुपर्नेछ।

i. गाँउपालिका अध्यक्ष - अध्यक्ष

ii. गाँउपालिका उपाध्यक्ष - सदस्य
iii. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
iv. संयोजक पूर्वाधार विकास समिति - सदस्य
v. अध्यक्षले तोकेबमोजिम निर्वाचित जनप्रतिनिधी चार जना - सदस्य
vi. योजना शाखा प्रमुख - सदस्य सचिव

**१८. गाउँ सडक मर्मत-संभार व्यवस्थापन समितिका काम कर्तव्य र अधिकारः**

१८.१ गाँउ सडक सम्भार व्यवस्थापन समितिले निम्नानुसारको कार्य गर्नेछः-

i. सडक मर्मत-संभार कोषका लागि स्थानीय श्रोतहरुको पहिचान र परिचालन गर्ने,
ii. मर्मत-संभार गर्नुपर्ने सडकहरुको पहिचान पछि निश्चित मापदण्ड अनुसार सडकहरुको प्राथमिकीकरण गर्ने र सिफारिस गर्ने,
iii. मर्मत-संभारको लागि स्वीकृत योजनाहरुको कार्यान्वयनमा सहयोग गर्ने,
iv. मर्मत-संभारका लागि संचालनमा रहेका सडकहरुको नियमित अनुगमन गर्ने,
v. मर्मत सम्भार कार्यकर्ताको त्रैमासिक प्रतिवेदनमा छलफल र कार्यपालिकामा पेश गर्ने ।

१८.२ मर्मत-संभार सम्बन्धी कार्यान्वयन भइरहेको र संचालनमा रहेका सडकहरुको सम्वन्धमा कम्तीमा प्रत्येक ३ महिनामा एक पटक बैठक बसी समीक्षा गर्ने र समीक्षा प्रतिवेदन गाउँपालिकामा पेश गर्ने ।

**१९. संसोधन वा खारेजी :**

i. सडक सभ्भार कार्यकर्ताको नियुक्ति, सेवा सुविधा तथा व्यवस्थापन सम्बन्धी निर्देशिका संसोधन वा खारेज गर्नु परेमा गाँउ कार्यपालिकाबाट हुनेछ ।
ii. यो निर्देशिकामा उल्लेख गरिएका कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित कानून अनुसार हुनेछ ।
iii. यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित संघीय तथा प्रदेश कानूनसँग बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ ।

**२०. बाधा अड्काउ फुकाउः** यस निर्देशिका कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले,
ओम प्रकाश देबकोटा
प्रमुख प्रशासकिय अधिकृत